बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी(ब.सु.पू.)

**गण्डकी प्रदेश, नेपाल**

**प.स.: २०७७/७८**
**च.नं.:**

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपुर
गण्डकी प्रदेश, नेपाल
२०७३

मितिः २०७७।०५।१४

**कोभिड १९ को संक्रमण व्यवस्थापन सम्बन्धमा अत्यन्त जरुरी सुचना**

उपरोक्त विषयका सम्बन्धमा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७७/०५/१४ गतेको निर्णय अनुसार तपसिल बमोजिम गर्नु गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**सबै व्यक्ति, सार्वजनिक स्थल तथा सार्वजनिक/निजी कार्यालयहरुमा देहाय अनुसारका जनस्वास्थ्यका मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।**

१. अत्यावश्यक (SMS) मापदण्डहरु:

क. भिडभाड नगर्ने, घरमै बस्ने, अनाबश्यक घरबाहिर नजाने, अत्यावश्यक काममा बाहिर जाँदा सबै किसिमका जमघट र भेटहरुमा वा किनमेल वा सामाग्रीहरुको विक्रि वितरणमा कम्तिमा २ मिटर (६ फिट) को दुरी अनिवार्यरुपमा कायम गर्ने (S),

ख. घर बाहिर जाँदा मास्क (सर्जिकल वा ३ तहको कपडाको मास्क) को प्रयोग अनिवार्य रुपले गर्ने (M),

ग. सबै सार्वजनिक स्थल तथा कार्यालयहरुले आफ्नो परिसरमा हात धुने साबुन र पानी वा स्यानीटाइजरको अनिवार्य व्यवस्था मिलाउने र भवन प्रवेश गर्दा अनिवार्य रुपले साबुन पानीले हात धोएको वा स्यानीटाइजर प्रयोग गरेको सुनिश्चित गर्ने (S) ।

२. तपसिल बमोजिमका आधारभुत नियमहरु पालना गर्नेः

क) अनावश्यक वस्तु वा सतहहरु नछुने,

ख) अनुहारको टि क्षेत्र— आँखानाक र , मुखलाई अनावश्यक रुपमा नछुने,

ग) खोक्दा वा हाछ्यु गर्दा रुमाल वा टिस्यु पेपरले मुख छोप्ने, उक्त सम्भव नभएमा कुहिनाले छोप्ने,

दुर्गा बहादुर राना
अध्यक्ष

बौदीकाली गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
डेढगाउँ, नवलपरासी(ब.सु.पू.)
**गण्डकी प्रदेश, नेपाल**

**प.स.: २०७७/७८**
**च.नं.:**

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपुर गण्डकी प्रदेश, नेपाल

घ) सार्वजनिक स्थलमा जथाभावी नथुक्ने,

ङ) सम्भव भएसम्म पैसाको कारोबार गर्दा विद्युतिय कारोबार गर्ने,

च) ज्वरो, खोकी तथा श्वासप्रश्वासको समस्या भएका व्यक्तिहरुले सकभर जनसम्पर्कमा नआउने, आउनै परेको खण्डमा अनिवार्यरुपमा मास्क प्रयोग गर्ने ।

३. सबै सार्वजनिक, निजी, सामुदायिक सँस्था वा संस्थागत रुपमा निम्नानुसारका नियमहरु पालना गर्नुपर्ने :

क) प्रत्येक दिन कार्य आरम्भ भन्दा पहिला अनिवार्य रुपमा IR थर्मोमिटरबाट ज्वरो जांच गर्ने र १००.४ डिग्री फरेन्हाइट भन्दा बढी ~~टेम्पर्कम~~ तापक्रम भएमा काममा नलगाउने,

ख) दैनिक हाजिरी राख्ने बैकल्पिक ब्यवस्था मिलाउने । सो सम्भव नभएको हकमा सुपरिवेक्षकले अभिलेख राख्ने,

ग) खोकी तथा श्वासप्रश्वास सम्बन्धी समस्या भएका व्यक्तिहरुलाई काममा नलगाउने र आवश्यक निदान, उपचार वा आरामको व्यवस्था मिलाउने,

घ) खानपानको व्यवस्थापनमा विशेष सावधानी अपनाउने र प्रयोग गरिएका भाडाहरु राम्रोसंग सफा गर्ने र सुकेपछि मात्रै पुन्प्रयोग गर्ने,

ङ) शौचालयलाई दैनिक कम्तिमा २ पटक नियमित रुपमा सफा गर्ने,

च) हात धुने बेसिनहरु संक्रमणको स्रोत हुनसक्ने भएको हुँदा दाँत माझ्ने ब्रस लगायतका समानहरु बेसिनमा राख्न निरुत्साहित गर्ने,

छ) धेरै प्रयोग हुने चिजहरु (जस्तै ढोका, मेसिनका ह्यान्डल, टेबल तथा अन्य सामाग्रीहरु) डिसइन्फेक्टेन्ट प्रयोग गरी नियमित सफा गर्ने,

ज) हात धुने साबुन र पानीको पर्याप्त व्यवस्था गर्नु पर्ने,

झ) किराना पसल/अन्य पसलहरु/ होटल तथा रेष्टुरेन्टले तोकिएको भौतिक दुरी र अन्य मापदण्ड कायम हुने गरी मात्र ग्राहकहरुलाई सेवा दिने,

४. अन्य :

दुर्गा बहादुर राना
अध्यक्ष

बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी(ब.सु.पू.)
**गण्डकी प्रदेश, नेपाल**

**प.स.: २०७७/७८**
**च.नं.:**

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपुर गण्डकी प्रदेश, नेपाल

क) अत्यावश्यक सेवा प्रदान गर्नु पर्ने कार्यालयहरु लगायतका क्षेत्रमा हुने कार्य निरन्तरताका लागि सकेसम्म भर्चुअल प्लाटफर्म प्रयोग गर्ने,

ख) व्यक्तिहरुको शरीरलाई छोएर सेवा दिनु पर्ने (जस्तै : स्वास्थ्य सेवा दन्त सेवा समेत, ब्युटी पार्लर, कपाल काट्ने) अवस्थामा सेवा प्रदायकले अनिवार्य रुपमा मास्क, पन्जा लगाउने र साबुन पानीले हात धुने व्यवस्था मिलाउने,

ग) स्वास्थ्यकर्मीले सामान्य सेवा दिंदा मेडिकल मास्कको प्रयोग गर्ने र मुख वा घाँटीको परीक्षण गर्दा N95 मास्क प्रयोग गर्ने,

घ) सबै वडा कार्यालय/स्वास्थ्य सँस्था/ बैंक/वित्तिय सँस्था/सहकारीहरु/सामुदायिक सँस्था तथा औषधी पसल र नीजि सँस्थाले सेवाग्राहीको व्यक्तिगत विवरण पुरै खुल्ने गरी (मोबाइल नं. वा फोन नं. समेत) दैनिक अभिलेख राख्ने, गाउँपालिका वा वडाले माग गरेको जुनसुकै बखत उपलब्ध गराउने,

ङ) सार्वजनिक यातायात संचालन गर्ने अवस्थामा एक पंक्तिको सिटमा एकजना क्रस गरेर बस्ने व्यवस्था मिलाउने, सवारीधनीले स्यानीटाइजरको व्यवस्था गर्ने र सबैले स्वयं मास्क व्यवस्था र प्रयोग गर्ने ।

च) अत्यावश्यक सामान लोड, अनलोड वा लिने दिने गर्दा निश्चित स्थानमा छोड्ने र उठाउने (contactless delivery ) ब्यबस्था गर्ने ।

छ) सबै खाले सवारी साधन प्रयोग कर्ताले अनिबार्य रुपमा माक्स लगाउने र आवश्यकतानुसार स्यानिटाईजर प्रयोग गर्ने ।

ज) बैठकको गर्नैपर्ने अवस्थामा कागजी प्रक्रिया लाइ कम गरि सूचना प्रबधि प्रयोग गर्ने र सम्भव भएसम्म अनलाइन बैठक संचालन गर्ने । भौतिक रुपले बैठक गर्नु पर्दा न्युनतम संख्याको उपस्थितिमा सुरक्षा मापदण्ड पालना गरि बैठक संचालन गर्ने ।

झ) अतिआवश्यक अवस्थामा बाहेक स्थलगत भ्रमण, बैठक, अन्तरक्रिया लगायतका कार्यक्रम नराख्ने । राख्नै पर्ने अवस्थामा वडा कार्यालयसंग समन्वय गर्ने ।

दुर्गा बहादुर राना
अध्यक्ष